नेपाल सरकार

## कृषि, वन तथा पर्यावरण मन्त्रालय

## कोशी प्रदेशको संखुवासभा जिल्लामा प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मे.वा.) को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय-सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८३/०२/२९**

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड प्रस्तावक रहेको कोशी प्रदेश, संखुवासभा जिल्लाको भोटखोला गाउँपालिकामा भौतिक संरचनाहरू रहने गरी अरुण नदीमा ४५४ मेगावाट (वार्षिक २६६०.७७ गिगावाट-घण्टा Outage विना) क्षमताको अर्धजलाशययुक्त (PROR) प्रकारको किमाथांका अरुण जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमार्फत यस मन्त्रालयमा स्वीकृतिका लागि प्राप्त भएको छ।

प्राप्त प्रतिवेदन अनुसार, भोट खोला गाउँपालिका वडा नं. २ मा आयोजनाको सम्पूर्ण संरचनाहरू (बाँध, जलाशय, हेडरेस टनेल, भूमिगत विद्युतगृह, टेलरेस सुरुङ्ग, पहुँच सडक) निर्माण हुनेछ। आयोजनाको बाँधदेखि विद्युतगृहसम्मको करिब ८.६ कि.मी. जल प्रवाह घट्ने अरुण नदीको खण्ड भोट खोला गाउँपालिका वडा नं. २ मा नै सीमित हुनेछ।

प्रतिदिन ६ घण्टा नदीको पानी थुनेर १४३.५ घनमिटर/सेकेन्ड पानी उपयोग गर्ने गरी निर्माण हुने १४० मिटर (foundation बाट) अग्लो बाँधका कारण सिर्जना हुने २७०० मिटर लामो जलाशयले करिब ०.३५ वर्ग किलोमिटर क्षेत्रको जमिन डुबानमा पर्नेछ। बाँधदेखि विद्युतगृहसम्मका विभिन्न स्थानमा अडिट टनेलहरू, हेडरेस टनेल, सर्ज शाफ्ट र टेलरेस टनेल जस्ता संरचनाहरू निर्माण गरिनेछ। सामुद्रिक सतहबाट जलाशय उच्चतम सतह २०३५masl रहनेछ। आयोजनाका संरचना निर्माण गर्नका लागि निजी स्वामित्वको करिब ६८.०९ हेक्टर र सरकारी स्वामित्वको करिब १००.६४ हेक्टर (**मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रको वन क्षेत्र करिब ७२.७४ हे. र डिभिजन वनको क्षेत्राधिकार भित्र पर्ने वन क्षेत्र करिब २७.९ हेक्टर**) गरी करिब १६८.७३ हेक्टर जग्गा आवश्यक पर्नेछ। आयोजनाको निर्माण अवधि ५ वर्ष र जम्मा निर्माण लागत रु. ९३.८० अर्ब रहनेछ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न सक्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरूमा तथा यस मन्त्रालयको वेबसाइट (www.mofe.gov.np) मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा, यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा ती राय-सुझावहरूलाई समेत विचारमा राख्नेछ। उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भएमा यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनभित्र आफ्नो लिखित रुपमा राय-सुझाव निम्न ठेगानामा पठाइदिनुहुन यसै सूचना द्वारा आह्वान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू :**

श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, सिनामङ्गल, काठमाडौं।

श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं।

श्री जिल्ला समन्वय समितिको कार्यालय, खाँदबारी, संखुवासभा।

श्री भोटखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, संखुवासभा।

**राय-सुझाव पठाउने ठेगाना :**

कृषि, वन तथा पर्यावरण मन्त्रालय

वातावरण प्रभाव अध्ययन शाखा

सिंहदरबार, काठमाडौं।

फोन नं.: ०१-४२११५६७, ४२११९४६, इमेल info@mofe.gov.np